फोन नं. ०७१-५७७३०३,०७१-५७७२९२,०७१-५७७४०३

# देवदह नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
५ नं.प्रदेश, नेपाल

प.स. ०७५/०७६
चलानी नं. १४५१

मिति : २०७५/१२/१७

### अपाङ्गता परिचय पत्र वितरण सम्बन्धि देवदह नगरपालिकाको सूचना

प्रस्तुत विषयमा देवदह नगरपालिकाको अपाङ्गता परिचय पत्र वितरण सम्बन्धि कार्यविधि-२०७५, बमोजिम नया अपाङ्गता परिचय पत्र प्राप्त गर्न र भईरहेको अपाङ्गता परिचय पत्र समेत पुन : लिनु पर्ने व्यवस्था भएकोले पहिलो पटकको लागि अभियानको रुपमा वडा कार्यालयहरुबाट अपाङ्गता परिचय पत्र वितरण गर्ने प्रयोजनको लागि यो सूचना जारी भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा तपशिल बमोजिमको कागजात सहित दरखास्त पेश गर्नुहुन सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु :

१. आफ्नो स्थायी ठेगाना भएको वडा कार्यालयमा अपाङ्गता भएका व्यक्ति स्वयं, निजका अभिभावक वा संरक्षकले अनुसुची-१ को ढाँचामा परिचय प्राप्तीका लागि पुष्ट्याई गर्ने कागजातहरु २ प्रति समावेश गरी निवेदन दिनुपर्नेछ ।

२. दरखास्तमा आफ्नो नाम, उमेर, स्थायी ठेगाना, अपाङ्गता खुलेको लिखित प्रमाणित प्रतिलिपि, अशक्तताको गाम्भिर्यता अवस्था र शरीरका अंगहरुले गर्ने काममा आएको समस्या वा दैनिक क्रियाकलापमा हुने सिमितताहरुको विवरण संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नेपाली नागरिकताको प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्र वा जग्गा धनी प्रमाण पुर्जा वा शैक्षिक योग्यताको प्रमाण पत्र वा मतदाता परिचय पत्र वा अपाङ्गताको आधारमा कुनै जागिर गरिरहेको भए नियुक्ति पत्र वा त्यो संस्थाले दिएको प्रमाण वा जि.प्र.का.मा दर्ता भएका अपाङ्गताको सम्बन्धि कार्य गर्ने संघ संस्थाले दिएको सिफारिस मध्ये कुनै एक वा यस्तै विश्वस्त हुन सक्ने अन्य प्रमाणित लिखितलाई आधार मानिनेछ ।

३. पासपोर्ट साईजको फोटो ३ प्रति र अटो साईजको फोटो २ प्रति (सम्भव भए सम्म अपाङ्गता देखिने गरी खिचिएको)

४. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

**पुनश्च :** यसपछि पनि निरन्तर रुपमा अपाङ्गता परिचय पत्र वितरणको कार्य सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगरपालिकाबाट हुने व्यहोरा जानकारी गराईन्छ ।

..............................
(शशीधर घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

शशीधर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत